# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ (संख्या ५) असाड २३ गते २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२
## भवन अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०३/०८

**प्रस्तावना,**

चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्रभित्र निर्माण भएका, तला थप तथा अन्य भवनहरुको नियमित तथा अभिलेखिकरण गरि निर्माण सम्पन्नताको प्रमाण-पत्र जारी गर्ने कार्यलाई सरल, व्यवस्थित र थप प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम तथा चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रशासकिय कार्यबिधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाइ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "भवन अभिलेखिकरण सम्बन्धी कार्यविधी, २०८०" रहेकोछ ।

(२) यो कार्यविधि नगरकार्यपालीकाबाट पारित गरि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु गरिनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आवश्यक कागजात" भन्नाले भवन अभिलेखिकरण गर्न पेश गर्नुपर्ने भवन सम्वद्ध कागज प्रमाणलाई सम्झनुपर्दछ ।

(ख) "एकाघरको व्यक्ति" भन्नाले नक्सावालासँग एकासंगोलमा बस्ने परिवारका अन्य सदस्यलाई सम्झनु पर्दछ ।

(ग) "डिजाइनर" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकामा दर्ता भएका भवनको नक्सा डिजाइन गर्न सूचिकृत भई अनुमति प्राप्त डिजाइनर/कन्सल्टेन्टलाई सम्झनु पर्दछ ।

(घ) "तत्कालीन मापदण्ड" भन्नाले भवन निर्माण गर्न अनुमति लिएको मिति वा भवन निर्माण गरेको मितिमा लागू भएको भवन निर्माण सम्बन्धि मापदण्डलाई सम्झनुपर्दछ ।

(ङ) "भवन नियमित तथा अभिलेखिकरण" भन्नाले आफ्नो हक भोग र स्वामित्वको जग्गामा निर्माण भैसकेको भवनको नापजाँच गरी नियमित/अभिलेखिकरण गर्ने कार्यलाई सम्झनुपर्दछ ।





(च) "नगर कार्यपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "भवन नियमित तथा अभिलेखिकरण सम्पन्न प्रमाणपत्र" भन्नाले भवन नियमित तथा अभिलेखिकरण सम्पन्न भएको प्रमाणित गर्ने प्रमाणपत्रलाई सम्झनुपर्दछ ।

(ज) "प्रारम्भिक प्राविधिक प्रतिवेदन" भन्नाले प्राविधिकबाट भवन निर्माण भएको स्थलको अवलोकन, नापजाँच गरी पेश गरेको स्केच वा लिखित व्यहोरा वा आवश्यकतानुसार दुवै प्रकृतिको विवरण उल्लेखित प्रतिवेदनलाई सम्झनुपर्दछ ।

(झ) "प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) "मापदण्ड" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका भवन निर्माण सम्बन्धि तत्कालीन मापदण्ड सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ड) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ढ) "वडा समिति"भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनु पर्दछ ।

(ण) "सभा" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(त) "सर्जमिन" भन्नाले भवन निर्माण सम्बन्धमा सम्बन्धित जग्गा, बाटो, संधियार आदि विषयमा सम्बन्धित वडाका जनप्रतिनिधिको रोहवरमा कम्तीमा ५ जना स्थानीयको स्पष्ट भनाइ समावेश गरी गरिएको कागज सम्झनु पर्दछ ।

(थ) "श्रेस्ता" भन्नाले भवन निर्माणसँग सम्बन्धित जग्गाको अभिलेखलाई सम्झनु पर्दछ ।

(द) "As Build Map" भन्नाले अभिलेखिकरण प्रयोजनका लागि घर, सेप्टी टंकी, प्लान, ईलिभेसन, साईड प्लान र लोकेसन प्लान स्पष्ट देखिने सूचिकृत कन्सल्टेन्सी मार्फत निर्माण गरिने वा नगरपालिकाले तोकेको अन्य प्राबिधिकबाट निर्माण हुने नक्सा सम्झनु पर्दछ ।

## परिच्छेद -२
## भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी व्यवस्था

**३. अभिलेखिकरणको लागि सूचिकृत गर्नुपर्ने :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिका स्थापना भए पश्चात तथा त्यस अघि निर्माण गरिएका घर तथा भवनहरुको अभिलेखिकरणको लागि सम्बन्धित व्यक्तिले नगरपालिकामा अनिवार्य सूचिकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागि सम्बन्धित व्यत्तिले यस कार्यविधिको अनुसूची-१ देखि अनुसूची-४ सम्ममा उल्लेखित व्यवस्था बमोजिमको सम्पूर्ण प्रकृया पुरा गर्नुपर्नेछ ।

(३) सम्बन्धित व्यक्तिले अभिलेखिकरणको लागि उपदफा (२) बमोजिम सम्पूर्ण प्रकृया पुरा गरि आएमा नगरपालिकाले अनुसूची-५ र अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाण-पत्र उपलब्ध गराउनु पर्नेछ ।

तर, यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिमका घर तथा भवनहरुको अभिलेखिकरण हुने छैन :-

(

(क) ऐलानी तथा सार्वजनिक जग्गामा बनेका घर तथा भवनहरु,

(ख) सडक, खोला, कुलो तथा वन क्षेत्रका मापदण्ड मिचेर बनाइएका घर तथा भवनहरु ।

**४. प्राविधिक प्रतिवेदन पेस गर्नु पर्ने :** (१) यस कार्यविधि बमोजिम घर तथा भवनहरुको अभिलेखिकरणको लागि सम्बन्धित व्यक्तिले आफ्नो वडा कार्यालयको सिफारिस सहित नगरपालिका निवेदन लिइ आएमा नगरपालिकाले सो घर तथा भवनको स्थलगत रुपमा प्रारम्भिक अवस्थाको निरिक्षण गर्न प्राविधिक खटाउनुपर्नेछ र त्यसरी खटिइ गएको प्राविधिकले अनुसूची-४ बमोजिमको ढाँचामा प्राविधिक प्रतिवेदन पेस

गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम फिल्ड अनुगमन तथा निरिक्षण गर्ने प्राविधिकले सो को विवरणहरु यथेष्ट जाँच गरि स्थलगत हेरि बुझि मात्र प्रकृया अघि बढाउन मनासिव देखेमा नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

**५. प्रचलित ऐन कानुनको बर्खिलाप गर्न नहुने :** नगरपालिका क्षेत्र भित्र नक्सापास गरि घर निर्माण गर्नुपर्ने नेपाल सरकारको प्रचलित ऐन कानुनको बर्खिलापमा गएर बनाइएका घर तथा भवनहरुको सम्बन्धमा सो घरको स्थलगत प्राविधिक अनुगमन तथा रेखदेख गरि प्राविधिक रुपमा नगरपालिकाका तत्कालिन तथा हाल क्रियाशिल भवन तथा सडक निर्माण सम्बन्धी मापदण्ड तथा भवनको पूर्वाधारको अवस्था हेरि आउँदा दिनमा सो घरमा थप पूर्वाधार बनाउन मिल्ने वा नमिल्ने तथा मिले कति सम्म मात्र बनाउन उचित हुने भन्ने सम्पूण कुराको प्राविधिक जाँच नगरपालिकाको प्राविधिकबाट गरि सके पश्चात मात्र नक्सापास हुने अवस्था विद्यमान रहेको एसकन गरेर मात्र नक्सापस तथा सूचीकृत प्रक्रियामा समावेश गराउनु पर्नेछ।

**६. शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम नगरपालिका क्षेत्रभित्र निर्माण गरिएका घर तथा भवनहरुको नक्सापास/सूचीकृत/अभिलेखिकरणको लागि लाग्ने दस्तुर अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ।

## अनुसूची - १
## निवेदन फारामको ढाँचा

मिति .......................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
चामुण्डाबिन्द्रासैनी नगरपालिका
जम्बुकाँध, दैलेख

विषय :- भवनको अभिलेखिकरण प्रमाणपत्र पाउँ भन्ने सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो नाममा मालपोत कार्यालय ......................... दैलेख दर्ता प्रमाणित दैलेख जिल्ला साविक ...................... गा.वि.स. वडा नं.........कि. नं. ......... क्षेत्रफल ................वर्ग मिटर जग्गामा यस नगरपालिकाको/साविक गा.वि.स. को च.नं. ....... मिति ....................... मा पास भएको नक्सापास/नक्सा प्रमाणित/निर्माण सिफारिस वा बनिसकेको पूर्व निर्मित घर भएकोले तपसिलमा उल्लेखित विवरणको घर बमोजिमको नक्सा प्रमाणित गरि घर निर्माणको प्रमाणपत्र तथा सम्पन्न पाउँ भनि यो निवेदन पेस गरेको छु।

**नक्सापास/नक्सा प्रमाणित/निर्माण सिफारिस**

| मोहोडा | लम्बाइ | चौडाइ | तल्ला संख्या | उचाइ | कुल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| दायाँ | बायाँ |
|---|---|
| | |

**निर्मित भवनको विवरण**

| मोहोडा | लम्बाइ | चौडाइ | तल्ला संख्या | उचाइ | कुल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |





माथि उल्लेखित विवरण ठीक साँचो हो फरक ठहरे कानुन बमोजिम सहुँला बुझौंला भनि सहिछाप गर्ने घरधनी ........................................ ना.प्र.नं......................... दस्तखत

संलग्न प्रमाणहरु :-

१. सक्कलले निवेदन एक प्रति
२. नागरिकताको प्रतिलिपि एक प्रति
३. जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि एक प्रति
४.प्रमाणित सक्कल नापी नक्सा एक प्रति
५. वडा कार्यालयको जनप्रतिनिधिको रोहवरमा फिल्ड निरिक्षण गरि पठाएको प्रतिवेदन/सर्जमिन
६. जग्गाको मालपोत घर जग्गा कर तिरेको रसिदको प्रतिलिपि एक प्रति
७. नगरपालिकामा सूचिकृत इन्जिनियरबाट तयार पारेको घर नक्सा तीन प्रति
८. जग्गाधनीको पासपोर्ट साइजको फोटो तीन प्रति
९. पूरै मोहोडा र तल्ला प्रष्ट घरको फोटो
१०. सम्बन्धित वडा कार्यालयबाट साविक सक्सापास गर्दाको सक्कल फाइल

## अनुसूची -२
### आवश्यक कागजात

(क) सक्कलै निवेदन
(ख) नागरिकताको प्रतिलिपि
(ग) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि
(घ) प्रमाणित सक्कल नापी नक्सा
(ङ) वडा कार्यालयको जनप्रतिनिधिको रोहवरमा फिल्ड निरिक्षण गरि पठाएको प्रतिवेदन/सर्जमिन मुचुल्का
(च) जग्गाको मालपोत, घरजग्गा कर तिरेको रसिद प्रतिलिपि एक थान बुझाएको रसिदको प्रतिलिपि
(छ) नगरपालिकामा सूचीकृत इन्जिनियरबाट तयार पारेको नक्सा तीन प्रति
(ज) जग्गाधनीको पासपोर्ट साइजको फोटो तीन प्रति
(झ) पूरै मोहोडा र तल्ला प्रष्ट देखिने घरको फोटो
(ञ) सम्बन्धित वडा कार्यालयवाट साविक नक्सापास गर्दाको सक्कल फाइल

**पुनश्च :** सार्वजनिक जग्गा, नदी, खोला, राजकुलो राजमार्ग (सेट व्याक भित्र) निर्माण भएका कुनै पनि संरचना नगरपालिकाले अभिलेखिकरण गर्ने छैन।

## अनुसूची-३

वडावाट फिल्ड निरिक्षण गरि पठाएको प्रतिवेदन/सर्जमिन मुचुल्का

लिखितम हामी तपसिलका मानिसहरु आगे दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ....... साविक ........................... गा.वि.स. वडा नं. .... सिट नं. ...... कि.नं. ..... क्षेत्रफल ......... भएको जग्गामा बनिसकेको घरको अभिलेखिकरण/निर्माण सम्पन्न प्रमाण पत्र पाउँ भनि यस नगरपालिकाको वडा नं. ...... बस्ने श्री .................................... को नक्सा दस्तखत परेकोले नक्सा बमोजिमको निर्माण कार्य सम्पन्न भइ भविश्यमा नेपाल सरकारले ल्याएको नीति/निर्देशन तथा मापदण्ड भित्र रहि कार्य गर्ने भनि घरधनीले गरेको मञ्जुरीलाई आधार मानि हामी कसैलाई पीर मर्का पर्छ/पर्दैन पर्ने भए सबुद प्रमाण सहितको सूचना तपसिलका मानिसहरु साक्षी राखि टाँसेको साँचो हो, फरक छैन, फरक पारि लेखिएको ठहरे कानुन बमोजिम होस भनि हामीहरु मानेमानी खुशीराजीसँग यो सूचना मुचुल्का सहीछाप गरि ........ नं. वडा कार्यालय मार्फत चामुण्डाबिन्द्रासैनी नगरपालिकाको कार्यालयमा चढायौं।

**तपसिल**

दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ... बस्ने बर्ष ..... को श्री ................................ पूर्व तर्फ

दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ... बस्ने बर्ष ..... को श्री ........................... पश्चिम तर्फ

दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ... बस्ने बर्ष ..... को श्री ............................ उत्तर तर्फ

दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ... बस्ने बर्ष ..... को श्री ............................ दक्षिण तर्फ

**रोहवर**

चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. .... वडा अध्यक्ष/ प्रतिनिधि श्री ..................................................

काम तामेल गर्ने श्री ...............................................

इति सम्बत २०.. .... साल ......... महिनाको ....... गते रोज .... शुभम् ................................................।

## अनुसूची-४

नगरपालिका कार्यालयमो नक्सापास सम्बन्धी प्राविधिकले पेस गर्ने प्राविधिक प्रतिवेदन ढाँचा

लिखितम चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ... ............टोल बस्ने श्री .................... ले बनाउनु भएको घरको स्थलगत रुपमा प्राविधिक निरिक्षण तथा अवलोकन गर्दा निम्नानुसार अवस्था देखिन आएकोले निजको घरको लागि नगरपालिकावाट घर नक्सा सूचिकरण/अभिलेखिकरण/नक्सापास प्रकृया





बनाउँदा पछि सम्म कुनै फरक नपर्ने गरि यो प्राविधिक प्रतिवेदन पेस गरेको छु।

१. घरको संरचनागत अवस्था :-

(क) संरचनाको बनावट :-

(अ) लोड वेयरिङ्ग ☐ (आ) आर.सि.सि. फ्रेम ☐ (इ) अन्य ☐

(ख) घर निर्माण भएको वर्ष ☐

(ग) घर थप निर्माण गर्न सम्भाव्य अवस्था :-

(अ) एक तल्ला ☐ (आ) दुइ तल्ला ☐ (इ) एक तला ट्रस छाना ☐

(ई) भुइ तथा ट्रस छाना ☐ (उ) ट्रस छाना ☐

(घ) घरको पिलर विवरण :-

(अ) ९" ९" पिलर ☐ (आ) ९" १२" पिलर ☐ (इ) १२" १२" पिलर ☐

(ङ) पिलरमा प्रयोग भएका रडका विवरण :- .....................................

(च) घरको विमको विवरण :- ....................................

२. घर बनेको स्थानमा सडक सम्बन्धी मापदण्डको स्थिति :-

(क) मापदण्ड अनुसार बनेको ☐ (ख) मापदण्ड अनुसा नबनेको ☐

३. घरले कुनै किसिमको सार्वजनिक, ऐलानी, पर्ति जग्गा, कुलोखोल्सी, गुठी जग्गा मिचेको/नमिचेको

(क) मिचेको ☐ (ख) नमिचेको ☐

४. प्राविधिकले फिल्ड अनुगमन पश्चातको निष्कर्ष सहितको राय :-

पेस गर्ने
नाम : ......................
पद : .......................
कार्यालय : ..................

## अनुसूची-५

निर्माण सम्पन्न भवनको अभिलेखिकरण प्रमाणपत्रको ढाँचा

लोगो

**चामुण्डाबिन्द्रासैनी नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

लोगो

प.सं :
च.नं :

फो.नं.
मिति :

**निर्माण सम्पन्न भवनको अभिलेखीकरण प्रमाण-पत्र**

श्री ............................................
..................................................

उपरोक्त सम्बन्धमा तपाइको नाममा श्री मालपोत कार्यालय ..................... मा दर्ता प्रमाणित भएको दैलेख जिल्ला साविक ................ गाविस वडा नं. ...............सिट नं. ................... कि.नं................. को क्षेत्रफल ......... वर्गमिटर ................ जग्गामा पास भएको नक्सापास/नक्सा प्रमाणित/निर्माण सिफारिस वा बनिसकेको घर भएकाले तपसिलमा उल्लेखित विवरणको घर बमोजिमको नक्सा प्रमाणित गरि घर निर्माणको प्रमाण पत्र तथा सम्पन्न पाउँ भनि यस कार्यालयमा निवेदन दिएको हुँदा तपाइले निर्माण गर्नु भएको पूर्व निर्मित भवनको बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड र स्थलगत सर्जमिन एवं सम्बन्धित वडाको सिफारिस समेतको आधारमा यस कार्यालयको मिति ....................... निर्णय बमोजिमको सार्वजनिक पर्ति जग्गा, बाटोको सिमाना, साँध सँधियारको जग्गा घुसेको भएमा र जग्गाको हक हिस्सा कच्चा ठहरीएमा स्वत: बदर हुने गरि तपसिल बमोजिम भवनको यस कार्यालयमा अभिलेखिकरण गरि यो प्रमाण पत्र प्रदान गरिएको छ।

तपसिल

भवन अभिलेख

| मोहोडा | लम्वाइ | चौडाइ | तल्ला संख्या | उचाइ | कुल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

माथि उल्लेखित विवरण ठीक साँचो हो फरक परे कानुन बमोजिम सहुँला बुझौंला भनि सहिछाप गर्ने
घर धनी ...............................ना.प्र.प. नं. ............................. फो. नं.
दस्तखत :

.................................... ........................ ...................
फिल्ड निरिक्षण गरि पेस गर्ने सिफारिस गर्ने प्रमाणित गर्ने

## अनुसूची-६

निर्माण सम्पन्न भवनको अभिलेखिकरण प्रमाणपत्रको ढाँचा

लोगो

**चामुण्डाबिन्द्रासैनी नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

लोगो

प.सं : फो.नं.
च.नं : मिति :

**निर्माण सम्पन्न भवनको अभिलेखिकरण प्रमाण-पत्र**

श्री ............................................
..................................................





उपरोक्त सम्बन्धमा तपाइको नाममा श्री मालपोत कार्यालय ..................... मा दर्ता प्रमाणित भएको दैलेख जिल्ला साविक ................ गाविस वडा नं. ...............सिट नं. .................. कि.नं................. को क्षेत्रफल ......... वर्गमिटर ................ जग्गामा पास भएको नक्सापास/नक्सा प्रमाणित/निर्माण सिफारिस वा बनिसकेको घर भएकाले तपसिलमा उल्लेखित विवरणको घर बमोजिमको नक्सा प्रमाणित गरि घर निर्माणको प्रमाण पत्र तथा सम्पन्न पाउँ भनि यस कार्यालयमा निवेदन दिएको हुँदा तपाइले निर्माण गर्नु भएको पूर्व निर्मित भवनको बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड र स्थलगत सर्जमिन एवं सम्बन्धित वडाको सिफारिस समेतको आधारमा यस कार्यालयको मिति ....................... निर्णय बमोजिमको सार्वजनिक पर्ति जग्गा, बाटोको सिमाना, साँध सँधियारको जग्गा घुसेको भएमा र जग्गाको हक हिस्सा कच्चा ठहरीएमा स्वत: बदर हुने गरि तपसिल बमोजिम भवनको यस कार्यालयमा अभिलेखिकरण गरि यो प्रमाण पत्र प्रदान गरिएको छ।

तपसिल

तपसिल

नक्सापास/नक्सा प्रमाणित/नक्सा सिफारिस पत्रमा उल्लेख भएको भवनको विवरण

| मोहोडा | लम्वाइ | चौडाइ | तल्ला संख्या | उचाइ | कुल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

भवन अभिलेख

| मोहोडा | लम्वाइ | चौडाइ | तल्ला संख्या | उचाइ | कुल वर्ग फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

माथि उल्लेखित विवरण ठीक साँचो हो फरक परे कानुन बमोजिम सहुँला बुझौंला भनि सहिछाप गर्ने
घर धनी ...............................ना.प्र.प. नं. ............................. फो. नं.
दस्तखत :

.................................... ..................... .............................
फिल्ड निरिक्षण गरि पेस गर्ने सिफारिस गर्ने प्रमाणित गर्ने

## अनुसूची-७

मञ्जुरी पत्रको ढाँचा

**चामुण्डाबिन्द्रासैनी नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख

**मञ्जुरी पत्र**

लिखितम दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिा वडा नं. ..... निवासी श्री

....................................... को नाममा रहेको साविक .........................गाविस वडा नं. ...... हाल चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ..... मा पर्ने कि.नं. ........को ............. वर्गमिटर क्षेत्रफल भएको जग्गामा यस नगरपालिकावाट नक्सापास गरि सडक मापदण्ड अनुरुप सडक केन्द्रविन्दुवाट ...........मिटर र सेटव्याक ......... मिटर गरि जम्मा .............. मिटर छाडी घर निर्माण गर्नु पर्नेमा .................. छाडेको हुँदा नगरपालिका तथा नेपाल सरकारले सो सडक विस्तार गर्न लाग्दा सडक सिमाना र सेटव्याक भित्र परेको घरको भुभाग म आफै खाली गरि दिनेछु भनि कसैको करकापमा नपरि राजीखुशीका साथ यो मञ्जुरी पत्रमा सहि छाप गरि दिएँ व्यहोरा ठीक साँचो हो झुठा ठहरेमा कानुन बमोजिम सहुँला बुझौंला ।

जग्गा धनीको नाम : .......................................

दायाँ बाँया दस्तखत

इति सम्बत २०.. .... साल ......... महिनाको ....... गते रोज .... शुभम् ..............................................................................................................।

## अनुसूची-८

### नक्सापास दस्तुर

### घर नक्सापासको दररेट विवरण आ.व. २०......./..........

| क.सं. | विवरण | रकम रु. (प्रति वर्ग फिट) मा |
|---|---|---|
| १ | **आवासीय प्रयोजन तर्फ** | |
| | १. आर.सी.सी. फ्रेम बनावट (१००० वर्ग फिट भन्दा कम) | |
| | (क) जमिन तल्ला | ५ |
| | (ख) प्रथम तल्ला | ६ |
| | (ग) दोश्रो तल्ला | ७ |
| | २. आर.सी.सी. फ्रेम बनावट (१००० वर्ग फिट भन्दा बढि) | |
| | (क) जमिन तल्ला | ६ |
| | (ख) प्रथम तल्ला | ७ |
| | (ग) दोश्रो तल्ला | ८ |
| २ | **व्यवशायिक प्रयोजन तर्फ** | |
| | १. आर.सी.सी. फ्रेम बनावट (१००० वर्ग फिट भन्दा कम) | |
| | (क) जमिन तल्ला | ६ |
| | (ख) प्रथम तल्ला | ७ |
| | (ग) दोश्रो तल्ला | ८ |
| | २. आर.सी.सी. फ्रेम बनावट (१००० वर्ग फिट भन्दा बढि) | |
| | (क) जमिन तल्ला | ७ |
| | (ख) प्रथम तल्ला | ८ |
| | (ग) दोश्रो तल्ला | ९ |





| | | |
|---|---|---|
| ३ | **लोड बेयरिङ्ग बनावट (आवासीय र व्यापारी प्रयाजन तर्फ)** | |
| | (क) जमिन तल्ला | ३ |
| | (ख) प्रथम तल्ला | ४ |
| | (ग) दोश्रो तल्ला | ५ |
| ४ | **इट्टालाई सिमेन्ट मसला तथा ब्लकलाई सिमेन्ट मसलाको जोडाइ गरि जस्ता छाना बनावट** | |
| | (१) आवसीय प्रयोजन तर्फ | |
| | (क) जमिन तल्ला | ३ |
| | (ख) प्रथम तल्ला | ४ |
| | (ग) दोश्रो तल्ला | ५ |
| | (२) व्यापारिक प्रयोजन तर्फ | |
| | (क) जमिन तल्ला | ४ |
| | (ख) प्रथम तल्ला | ५ |
| | (ग) दोश्रो तल्ला | ६ |
| ५ | **स्टिल स्ट्रक्चर (आवासीय तथा व्यपारिक प्रयोजन तर्फ)** | |
| | (क) जमिन तल्ला | ४ |
| | (ख) प्रथम तल्ला | ५ |
| | (ग) दोश्रो तल्ला | ६ |
| ६ | **कुखुराको खोर** | |
| | (१) जस्ता छाना | २ |
| | (२) आर.सी.सी. बनावट | |
| | (क) जमिन तल्ला | ४ |
| | (ख) प्रथम तल्ला | ५ |
| | (ग) दोश्रो तल्ला | ६ |
| ७. | **हाइराइज भवन ५० फिट भन्दा माथि निर्माण हुने भवनको वर्ग फिटको प्रति वर्ग फिटको** | १५ |



आज्ञाले
श्याम बहादुर रावत
नि.प्रमुख प्रशासकीय अधिकृत